# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

पत्र संख्या :
चलानी नं. :

बागमती प्रदेश, नेपाल
मिति: २०८३/०१/०८

**करार सेवामा जनशक्ति पदपूर्ति गर्ने सम्वन्धी सूचना !**
(सूचना प्रकाशित मिति : २०८३/०१/०९)

यस कार्यालयको आ.व. २०८२/०८३ को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा रिक्त तपसिलका कर्मचारीहरु करार सेवामा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५-०८२/८३ | अ.हे.व. | सहायक चौथो | ३ जना | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट AHW विषय उतीर्ण गरेको वा सो सरह हुनुपर्ने । | |
| २ | ६-०८२/८३ | अनमी | सहायक चौथौ | ३ जना | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM विषय उतीर्ण गरेको वा सो सरह हुनुपर्ने । | |
| ३ | ७-०८२/८३ | कार्यालय सहयोगी | का.स.प्रथमस्तर | १ जना | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट ८ कक्षा उतीर्ण गरेको । | |

१) **दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरु :**
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- योग्यता तथा अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपि
- काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (विज्ञापन नं. ५-०८२/८३ र ६-०८२/८३ को हकमा)
- आवेदकको वैयक्तिक विवरण (बायोडाटा) विज्ञापन नं. (५-०८२/८३ र ६-०८२/८३ को हकमा)
- हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो ।

२) **दरखास्त पेश गर्ने :** भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा कार्यालयको इमेल ठेगाना vacancy.bhimeshwor@gmail.com मा समेत पेश गर्न सक्नुहुनेछ ।

३) **उमेरको हद :** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

४) **आवेदन पेश गर्ने अन्तिम मिति** : प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८३/०१/२९ गते कार्यालय समय भित्र ।

५) **पाठ्यक्रम :** विज्ञापन नं. ५-०८२/८३ र ६-०८२/८३ को हकमा संघीय लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

६) **परीक्षाको किसिम :**, विज्ञापन नं. ५-०८२/८३ र ६-०८२/८३ को हकमा लिखित (वस्तुगत र विषयगत) र अन्तर्वार्ता तथा विज्ञापन नं. ७-०८२/८३ को हकमा अन्तवार्ता मात्र ।

७) **परीक्षा दस्तुर :** विज्ञापन नं. ५-०८२/८३ र ६-०८२/८३ को हकमा रु ६००/- र विज्ञापन नं. ७-०८२/८३ को हकमा रु ३००/- (यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड, चरिकोट शाखाको आन्तरिक राजश्व खाता नं. १३००३०००००१००१००००००३ मा जम्मा गरी सो को भौचर पेश गरेको हुनुपर्ने ।)

८) **सेवा सुविधा र शर्तहरु :** कार्यालयले तोके बमोजिम हुनेछ ।

९) **थप जानकारीका लागि :** प्रशासन शाखा, भी.न.पा.को कार्यालय वा कार्यालयको वेवसाईट www.bhimeshwormun.gov.np बाट समेत प्राप्त गर्नसक्नु हुनेछ ।

८३/१/८

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत